# स्थानीय राजपत्र

पालुङटार नगरपालिकाद्धारा प्रकाशित

खण्ड ०८) पालुङटार, पुष ३० गते, २०८२ साल (संख्या ०८

पालुङटार नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग १

## पालुङटार नगरपालिकाको सहकारी (पहिलो संशोधन) ऐन, २०८२

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "पालुङटार नगरपालिकाको सहकारी (पहिलो संशोधन) ऐन, २०८२ रहेको छ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

२. **मूल ऐनको दफा ७२ पछि थप दफा ७२.क.सहकारी सञ्जाल** : (१) पालुङटार नगरपालिकाभित्र सञ्चालनमा रहेका सबै प्रकारका सहकारीहरुको रेखदेख तथा अनुगमन गर्न, सल्लाह सुझाव दिन र सहजीकरण गर्ने उद्देश्यले एक सहकारी सञ्जाल गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने सञ्जालमा देहाय बमोजिमका पदाधिकारी रहने छ :

(क) आर्थिक विकास समितिको संयोजक - अध्यक्ष

(ख) नगरपालिकाभित्र सञ्चालित सहकारीहरु मध्येबाट १५ जना - सदस्य

(ग) सहकारी हेर्ने कर्मचारी - सदस्य सचिव

आज्ञाले,

शेर बहादुर बि.सी

प्रमुख प्रशासकीय अधिकृत